लमही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल ।

प.स. २०८३/०८४(पशु सेवा शाखा)

पशुपन्छीमा खोप कार्यक्रमका लागि खोप कार्यकर्ता आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०६/१२

उपरोक्त सम्बन्धमा यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कार्यक्षेत्रअन्तर्गत वडा नं. १ देखि ९ सम्म चालु आ.व. २०८३/०८४ मा पशु सेवा शाखाको वार्षिक स्वीकृत कार्यक्रमअनुसार गाई/भैंसीमा खोरेत, एच.एस./बि.क्यू. (HA&BQ), एफ.एम.डी. (FMD), लम्पी स्किन डिजिज (L.S.D.) तथा भेडा/बाख्रामा पि.पि.आर. (P.P.R.) र बङ्गुरमा क्यासिकल स्वाइन फिवर.(C.S.F.) लगायतका रोग नियन्त्रण तथा खोप कार्यक्रमअन्तर्गत कृषकका पशुपन्छीहरूलाई निःशुल्क खोप सेवा सञ्चालन गर्नुपर्ने भएकाले देहायबमोजिमका ५ (पाँच) जना खोप कार्यकर्ता (Vaccinator) आवश्यक परेको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। इच्छुक उम्मेदवारहरूले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र नेपाली नागरिकताको प्रमाणपत्रसहित तपसिलमा उल्लेखित आवश्यक कागजातहरू संलग्न गरी लमही नगरपालिका, पशु सेवा शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

पद : खोप कार्यकर्ता (Vaccinator)

माग संख्या : ५ (पाँच) जना

प्रमुख प्रशासकीय अधिकृत

पारिश्रमिक :-खोप लगाएबापत भेडा/बाख्रामा पी.पी.आर. खोपको प्रति पशु रु. ५।– तथा गाई/भैंसीमा एच.एस./बि.क्यू., (HS/BQ) एफ.एम.डी.(FMD), एल.एस.डी.(LSD) लगायतका खोप तथा बङ्गुरमा ए.एस.एफ.(A.S.F.) सम्बन्धी रोग नियन्त्रण कार्यमा पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा तोकिएको दरबमोजिम पारिश्रमिक उपलब्ध गराइनेछ।

आवश्यक कागजातहरू :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. जे.टी./जे.टी.ए./ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.का.) ले अध्ययन गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. सम्बन्धित तालिम वा अनुभवको प्रमाणपत्र भए सोको प्रतिलिपि।
५. आवेदनका साथ आवश्यक अन्य कागजातहरू।

आवेदन पेश गर्ने स्थान : लमही नगरपालिका, पशु सेवा शाखा, लमही, दाङ।

आवेदन दिने अन्तिम मिति : सूचना प्रकाशन भएको मितिले सात (सात) दिनभित्र (मिति:- २०८३/६/१९ गते कार्यालय समय सम्म)।

Scanned with CamScanner